**Asian Productivity Organization**
**"The APO in the News"**

Name of publication: Gorkhapatra Online.com (31 JULY 2016, Nepal)
Page: http://www.gorkhapatraonline.com/epaper/showimage?img=uploads/epaper/2016-07-31/51e03798dc92b71654a28b552c1c12c6.jpg

# तालिम प्रदान गर्न सम्झौता

**गोरखापत्र समाचारदाता**



काठमाडौं, साउन १५ गते। जापानस्थित एसियाली उत्पादकत्व सङ्गठन (एपीओ) र विज्ञान तथा प्रविधि केन्द्र एन्टिओकिया (सीटीए) बीच सीटीएका उत्पादकत्व अभ्यासकर्ताहरू र मिडलिनका स्वतन्त्र परामर्शदाताहरूका लागि तालिम प्रदान गर्ने सम्झौतामा भएको छ। सम्झौता अनुसार एपीओले दुवै संस्था तथा उद्योगहरूका लागि फाइदा हुने गरी उत्पादकत्वको प्रबर्द्धन तथा कार्यान्वयन गर्ने गरी प्रतिस्पर्धात्मक क्षमताको तर्जुमा गर्नेछ।

एपीओ नेपालसहित एसियाली देशहरूमा उत्पादकत्व अभिवृद्धि गर्ने गरी स्थापना भएको तथा जापानको टोकियोमा सचिवालय रहेको संस्था हो। नेपाल एपीओको संस्थापक सदस्य रहेको छ।

एपीओले जारी गरेको प्रेस विज्ञप्तिमा सम्झौताअनुसार तयार गरिने पाठ्यक्रमले उत्पादकत्व अभिवृद्धिका तरिका पहिचान गर्ने र प्रयोग गर्ने क्षमताको विकास गर्नेछ। तालिमको विधि प्रशिक्षक प्रशिक्षण अनुरुपको हुने बताइएको छ। सम्झौतामा हस्ताक्षर गर्न आयोजित समारोहमा एपीओका महासचिव मारी अमानोले सीएटीसँगको तालिमले एपीओका सदस्य नरहेका देशहरूका लागि पनि उत्पादकत्व अभिवृद्धिको ढोका खोल्ने अपेक्षा गर्नुभयो।

मेडेलिन महानगरका आर्थिक विकास सचिव मारिआ फर्नान्डा गालेआनोले एपीओले गरेको सहयोगको प्रशंसा गर्दै कोलम्बियामा उत्पादकत्व अभिवृद्धिका लागि यसले ठूलो सहयोग पुग्ने बताउनुभयो।

सम्झौतामा एपीओका महासचिव मारी अमानो र सीटीएका उत्पादकत्व उपनिर्देशक अर्बोलेडा मालासिओले हस्ताक्षर गर्नुभएको थियो।